ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०३ | बैठक मिति: २०८१।०७।१३

आज मिति २०८१/०७/१३ गतेका दिन यस ब्याँस गाउँपालिका सुन्सेरा दार्चुलाका अध्यक्ष श्री मंगल सिह धामी ज्यूको अध्यक्षतामा ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको बैठक तपशिल बमोजिमको उपस्थितिमा बसि देहाय बमोजिमका प्रस्तावहरु माथी छलफल गरि निम्न निर्णयहरु गरिए।

| नाम थर | पद |
|---|---|
| ........... मंगल सिह धामी | गाउँपालिका अध्यक्ष |
| ........... विनोद सिह कुँवर | गाउँपालिका उपाध्यक्ष |
| ........... अशोक सिह बोहरा | वडा अध्यक्ष वडा नं १ |
| ........... धिरन सिह बुढाथोकी | वडा अध्यक्ष वडा नं २ |
| ........... उपेन्द्र सिह धामी | वडा अध्यक्ष वडा नं ३ |
| ........... झुन सिह विष्ट | वडा अध्यक्ष वडा नं ४ |
| ........... बिर सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ........... राजेन्द्र सिह कुँवर | वडाध्यक्ष वडा नं ६ |
| ........... अस्पाल सिह बुढाथोकी | कार्यपालिका सदस्य |
| ........... आस्मती विसि | कार्यपालिका सदस्य |
| ........... कलम राम भूल | कार्यपालिका सदस्य |
| ........... कलावती डडाल | कार्यपालिका सदस्य |
| ........... धाना देबी बम | कार्यपालिका सदस्य |
| ........... पुर्णिमा ऐतवाल | कार्यपालिका सदस्य |
| ........... चन्द्र सिह कुँवर | सदस्य सचिव |

ब्याँस गाउँकार्यपालिका बैठक संख्या: ०३ | बैठक मिति: २०८१।०७।१३

**प्रस्तावहरु:**

१. उ. स. मार्फतका योजना कार्यान्वयन सम्बन्धमा।
२. बोलपत्र आह्वान गर्ने सम्बन्धमा।
३. स्वास्थ्य नीति, २०८१ र दुइ वर्षे बालबालिका कक्षा व्यवस्थापन सम्बन्धी २०८१, स्वीकृत गर्ने सम्बन्धमा।
४. आयोजनाको म्याद थप गर्ने सम्बन्धमा।
५. विपत व्यवस्थापन समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।
६. विविध

**निर्णयहरु**

**निर्णय नं १.** प्रस्ताव नं १ मा छलफल गर्दा यस ब्याँस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय द्वारा आ. व. २०८१/०८२ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने सम्पूर्ण योजनाहरुको निर्माण सम्झौता २०८१ मंसिर १५ गते सम्म गर्ने।

**निर्णय नं २.** प्रस्ताव नं २ मा छलफल गर्दा सुदूर पश्चिम सरकारद्वारा यस ब्याँस गाउँपालिकालाई विशेष अनुदान बाट सञ्चालित अन्तरगतका हस्तान्तरित तपशीलका आयोजनाहरुको ठेक्का मार्फत कार्यान्वयन (बोलपत्र ) गर्ने गराउने।

तपसिल

| क्र स | योजनाको नाम | विनियोजित रकम | निर्माण हुने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | ३ नं वडा कार्यालय ढल निकास तथा फिल्ड निर्माण | ४० लाख | ब्याँस ३ सिना | |
| २ | असहाय तथा जेष्ठ नागरिक आवास निर्माण | ३५ लाख | ब्याँस ४ सुन्सेरा | |

**निर्णय नं ३.** प्रस्ताव नं ३ मा छलफल गर्दा यस ब्याँस गाउँपालिकाले तर्जुमा गरेको ब्याँस गाउँपालिका स्वास्थ्य नीति, २०८१ र दुई वर्षे बालविकास कक्षा व्यवस्थापन सम्बन्धी कार्यविधी २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं ४.** प्रस्ताव नं ४ मा छलफल गर्दा भारतीय राजदुतावास ८०% र ब्याँस गाउँपालिका २०% लागत साझेदारीमा ब्याँस गाउँपालिका वडा नं ६ मा सञ्चालनमा रहेको श्री हिमालय मा वि भवन निर्माण योजनाको सम्झौताको म्याद समाप्त हुने अवस्थामा रहेकाले उक्त योजनाको म्याद समाप्त हुने मिति देखि ६ महिना थप गरि सोको जानकारी भारतीय राजदुतावासलाई गर्ने।

**निर्णय नं ५.** प्रस्ताव नं ५ मा छलफल गर्दा यस ब्याँस गाउँपालिका विपत व्यवस्थापन समितिको बैठकको निर्णय अनुमोदन गर्ने।

ब्याँस गाउँकार्यपालिका बैठक संख्याः ३

बैठक मितिः २०८१।०७।१३

**निर्णय नं ६. प्रस्ताव नं ६ (क)** ब्याँस गाउँपालिका अन्तरका सहजकर्ता शिक्षकहरुको गत आ व को बाकि त भ बाफतको बक्यौता रकम रु २६ लाख चालु आ व २०८१।०८२ बाट भुक्तानी गर्ने।

**निर्णय नं ६. प्रस्ताव नं ६ (ख)** ब्याँस गाउँपालिका वडा नं ६ अन्तरगत ६ नं वडा कार्यालयको टेवा पर्खाल निर्माणका लागि कोटेशन प्रक्रियाद्वारा कार्य अगाडि बढाउने।

**निर्णय नं ६. प्रस्ताव नं ६ (ग)** ब्याँस गाउँपालिका गाउँ कार्यपालिका अन्तरगत पशु तथा कृषि शाखा अन्तरगत रहेका कार्यरत कर्मचारीहरुलाई वडा कार्यालयमा व्यवस्थापन तपसिल बमोजिमको स्थानमा कामकाजमा खटाउने निर्णय गरियो।

तपसिलः

| क्र सं | कर्मचारीको नामथर | पद | कार्यरत कार्यालय | खटि जाने कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | किरण सिंह विष्ट | पशु प्रविधिक चौथो | वडा न ६ | वडा न ५ | |
| २ | गोबिन्द बोगटी | पशु सेवा प्राविधिक चौथो | ब्याँस गा पा | वडा न १ | |
| ३ | प्रदिप कामी | ना प्रा स | ब्याँस गाँ पा | वडा न ३ | |

**निर्णय नं ६. प्रस्ताव नं ६ (घ)** व्याँस गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय सुन्सेरा अन्तरगत पशु शाखामा कार्यरत अफजल नदाफको (पशु सेवा प्राविधि पाँचौ) को सट्टामा सुजन रोक्का (पशु स्वास्थ्य प्राविधि पाँचौ) लाई शाखा प्रमुख जिम्मेदारी दिने निर्णय गरियो।

**निर्णय नं ६. प्रस्ताव नं ६ (ङ)** व्याँस गाउँपालिका गाउँ कार्यपालिकाको करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ लाई संसोधन गर्ने निर्णय गरियो।

**निर्णय नं ६. प्रस्ताव नं ६ (च)** यस व्याँस गाउँपालिका गाउँकार्यपालिकाको सुन्सेरा दार्चुला कार्यालयमा मिति २०८१/०८/०१ गते देखि अनिवार्य रुपमा विद्युतिय हाजिरी सञ्चालयमा ल्याउने र वडागत कार्यालयहरुमा पनि विस्तार गर्ने निर्णय गरियो।

**निर्णय नं ६. प्रस्ताव नं ६ (छ)** व्याँस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय सुन्सेरा कार्यालयमा कार्यरत लेखापाल गोपाल सिंह विष्टको कार्य सम्पादन सन्तोष जनक नरहेकाले आज मितिबाट लागु हुने गरि लेखापालको आर्थिक जिम्मेवारीबाट हटाउने निर्णय गरि आर्थिक कारोबार सञ्चालनको लागि को. ले. नि. का. दार्चुला, प्रदेश लेखा नियन्त्रण कार्यालय र महालेखा कार्यालय काठमाडौंलाई जानकारी गराइ सम्बन्धित निकायलाई लेखापालको पदपूर्तिको लागि अनुरोध गर्ने निर्णय गरियो।